प्रमाणित प्रतिलिपी

**मिति २०८२/१/१५ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. निजी जग्गाको साधारण निर्माणमुखी पदार्थ सम्बन्धमा ।

२. तेस्रो त्रैमासिक अवधि सम्मको खर्च सार्वजनिक सम्बन्धमा ।

३. खयरभट्टी खोलाको गत आ.व.को नदिजन्य पदार्थ निकासी अनुमती सम्बन्धमा ।

४. सिमा समस्या समाधान सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदी उत्खनन संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि, २०८१ को दफा (९) बमोजिम जग्गा व्यवस्थापनको लागि पेश गरेका निवेदनकहरुको सन्दर्भमा हाल उक्त अनुसार आवश्यक प्रकृया पुगेका तपशिल बमोजिमका जग्गा धनिहरुलाई सोही कार्यविधिको दफा (१२) बमोजिम निजी जग्गा व्यवस्थापन गर्दा निस्कने साधारण निर्माणमुखी पदार्थ (ढुङ्गा, माटो, मिस्कट) ढुवानी गरी अन्यत्र लैजान अनुमती दिने निर्णय गरियो ।

**तपशिल**

**(क)** शितगंगा नगरपालिका वडा नं. १४ मा गंगा थापाको नाममा रहेको कित्ता नं. ५४ र ६ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

**(ख)** शितगंगा नगरपालिका वडा नं. १२ मा तारादेवी थापाको नाममा रहेको कित्ता नं. २१९ को जग्गा व्यवस्थापन गर्न अनुमती दिने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको चालु आ.व.को तेस्रो त्रैमासिक अवधि सम्मको आम्दानी खर्च आजको बैठकमा पेश भई जानकारी प्राप्त भयो । हाल सम्म प्राप्त रकमको अवस्था तथा संघीय मामिला मन्त्रालयको परिपत्र समेतको आधारमा लक्ष्य अनुसार रकम संकलन तथा प्राप्त हुने सम्भाबन न्यून देखियो । साथै हाल सम्म खर्च समेत कम भएको देखिएकोले समयमै स्वीकृत कार्यक्रमहरुको कार्यान्वियन गरी सकेसम्म जेष्ठ  मसान्त भित्र सवै योजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने गरी कार्य गर्न नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कार्यपालिकाको मिति २०८१/८/२७ गतेको बैठकबाट गत आ.व.मा शितगंगा नगरपालिका वडा नं. ११ मा पर्ने खयरभट्टी खोलाको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्यको लागि ठेक्का व्यवस्थापन भई खयरभट्टी पुच्छारको दुर्गा बहादुर काउछाको जग्गामा डम्पीङ्ग गर्ने क्रममा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम रातापहरा क्षेत्रबाट उत्खनन् गरी थुपारिएको नदीजन्य

प्रमाणित प्रतिलिपि

पदार्थ यस कार्यालयबाट नापजाँच गर्दा सम्झौता भन्दा बढी परिमाण संकलन हुन गएकोले सोही परिमाणलाई छुट्टाई दुर्गा बहादुर काउछाको जग्गामा रहेको पश्चिम पट्टी (बायाँ तर्फ) को ७२०० घ.मी.नदीजन्य पदार्थ निर्माण व्यवसायीको छोडी पूर्व तर्फको वडा कार्यालयले हेरालु व्यवस्थापन गरी संरक्षण गरी राखेको ३४०९ घ.मी नदीजन्य पदार्थ जफत गरी बिकी गर्ने भनि निर्णय भएकोमा उक्त विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलमा उजुरी दर्ता भई कार्यालयको तर्फबाट आवश्यक राय सहित कागजात पठाईएकोमा उक्त कार्यालयबाट स्थलगत अनुसन्धान समेत भएको अवस्थामा व्यवसायीको लैजान अनुमती माग गरेकोले यस कार्यालयबाट उक्त व्यवसायीको छुट्टाएको नदिजन्य पदार्थ लैजान दिन मिल्ने नमिल्ने भनि राय माग गरेकोमा हाल सम्म प्राप्त नभएको र व्यवसायीले लैजान पाउँ भनि निवेदन पेश गरेको अवस्थामा वर्षाद सुरुहुन लागेकोले उक्त व्यवसायीको छुट्टाएको ७२०० घ.मी. नदीजन्य पदार्थ लैजान दिने र जफत गरेको ३४०९ घ.मी नदीजन्य पदार्थ छिटो लिलाम बिकी गर्ने  निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्घाखाँची जिल्ला शितगंगा नगरपालिका अन्तरगतका साविको साविक सिद्धारा गाविस वडा नं. ५ र ६ हाल शितगंगा नगरपालिका वडा नं. ११ मा पर्ने खयरभट्टी, सुकवेल, बहवेल, चोरखोला, सुरहीखोला समेत कपिलवस्तु जिल्लासँग सिमा जोडिएका स्थानहरुमा यस नगरपालिका मार्फत सम्पूर्ण कानुनी प्रकृयाहरु पुरा गरी नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन अगाडी बढेको अवस्था र परापूर्व कालदेखी साविकको जिविस कार्यालय अर्घाखाँचीबाट ठेक्का व्यवस्थापन हुदै आएका खोलाहरु तथा सोही क्षेत्रमा रहेका अर्घाखाँची जिल्लामा दर्ता भई सामुदायिक वन उपभोक्ता समूहले संरक्षण तथा उपभोग गर्दै आएको वन क्षेत्रमा समेत कपिलवस्तुको शिवराज नगरपालिका र डिभिजन वन कार्यालय गौतमबुद्ध चन्द्रौटाले अवरद्ध गरी ठेक्का व्यवस्थापन, सडक निर्माण र वन सम्वर्द्धनका कियाकलापहरुमा समेत अवरोध श्रृजना गरेकोले सो क्षेत्रको सिमा समस्या समाधानको लागि अर्घाखाँची जिल्लाले परापूर्व कालदेखी भोगचलन तथा संरक्षण गरेको क्षेत्रलाई सिमा कायम गरि दिनु हुन जिल्ला समन्वय समिति अर्घाखाँची, लुम्बिनी प्रदेश सरकार मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

**(क)** विभिन्न वडामा विभिन्न घटना भई आर्थिक समस्या  भएका व्यक्तिहरुलाई शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८, वमोजिम नबाझिने गरि आर्थिक सहायता उपलब्ध गराउने ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
प्रमाणित प्रतिलिपी

१. शिनपा ११ बाके ढोडेनी निवासी डम्मर बहादुर सारुको श्रीमती चन्द्रकलाको मृगौला खराब भई डायलासिस भईरहेको रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने । (उपचार खर्च)

२. वडा नं. २ निवासी खिम बहादुर रास्कोटीको श्रीमती निर्मला रास्कोटीको सुगर प्रेसरले टाउकोमा असर परी दाखिने भागको आखाको नजर गुम्न गएको र टाउकोको अप्रेसन गर्नु पर्ने भएकोले निजलाई रु १५,००० आर्थिक सहायता प्रदान गर्ने । (उपचार खर्च)

३. वडा नं. १२ निवासी मधु नेपालीको दुवै खुट्टा बाङगो भई अपाङ्ग बाल अस्पताल तथा पुर्नस्थापना केन्द्र वनेपामा उपचार गराई रहेकोले निजलाई रु २५,००० आर्थिक सहायता प्रदान गर्ने । (उपचार खर्च)

४. वडा नं. ४ निवासी माधव परियारको दुवै मृगौला खरावि भएकोले उपचारको लागि आर्थिक अभाव भएको हुँदा निजलाई रु १५,००० आर्थिक सहायता प्रदान गर्ने । (उपचार खर्च)

**(ख)** यस नगरपालिका क्षेत्र भित्र विभिन्न कार्यालय तथा निकायबाट भई रहेका पूर्वाधारका योजनाहरुको निर्माण कार्यमा प्रयोग हुने स्थानीय निर्माण सामग्री (साधारण निर्माणमुखी पदार्थ ढुङ्गा, गिट्टी, बालुवा आदीको) रोयल्टी रकम कतिपय निकायबाट कार्यान्वयन भएका योजनाहरुको जम्मा गरेको र कतिपय निकायबाट कार्यान्वयन भएका योजनाहरुको हाल सम्म जम्मा नगरेकोले सवै कार्यालय/निकायहरुलाई विकास निर्माण कार्यमा प्रयोग भएको स्थानीय निर्माण सामग्री (साधारण निर्माणमुखी पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट आदी) रोयल्टी बापत हुने रकम जम्मा गर्न पत्राचार गर्ने ।

**(ग)** यस नगरपालिकाका सवै वडाहरुलाई समेटी मेलमिलाप सम्बन्धि आधारभुत तालिम संचालन गरी सपथग्रहण समेत भएकोले उक्त मेलमिलाप कर्ताहरुलाई यस नगरपालिकामा सूचिकृत गर्नको लागि आब्हान गर्ने ।

**(घ)** यस नगरपालिकाको वडा नं. १४ का ५१ जना घरधुरीलाई जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउन स्थानीय तहबाट गर्नु पर्ने सम्पूर्ण काम गरिएकोले स्थलगत अनुगमन गरी जग्गा धनी प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक प्रकृया अगाडी बढाउन र वडा नं. ११ को खयरभट्टी, मौवाबारी, ढुङ्गेसेरा, फोर्सल, टिक्करी, बग्र, वेलखोला, दोबाटा, बेलदमार, चावेनेटा, भक्कुचोक, जाबुनेवास, ढोडेनी, बाके, फल्दे पधेरा लगायतका स्थानमा नापनक्सा सुरु गर्न राष्ट्रिय भूमी समस्या समाधान आयोग जिल्ला समिति अर्घाखाँचीलाई अनुरोध गर्ने ।

**(ङ)** मति २०८२/१/१८ गते देखि मन्जरी युवा क्लवको आयोजनामा सन्धिखर्कमा हुने अन्तरपालिका स्तरीय खुल्ला भलिवल प्रतियोगितामा यस नगरपालिकाको तर्फबाट खोलाडीहरु छनौट गरी लैजान वडा नं. १ का वडा अध्यक्ष मान बहादुर सिंजापनीलाई जिम्मा दिने र सो कार्यक्रममा मितव्ययी तवरले रु २ लाखमा नबढ्ने गरी खर्च गर्ने यदी मितव्ययी तवरले खर्च गर्दा समेत गर्नै पर्ने कारणले केही खर्च बढ्ने अवस्था आई खर्च भएमा पछी कार्यपालिकामा पेश गरी कार्यपालिकाको निर्णय अनुसार हुने गरी सो कार्यक्रमको खर्च उपयुक्त शिर्षकबाट गर्ने ।